कार्यपालिका बैठक मिति : २०८२।१०।१४ गते।
कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८२।१०।०९ गते।

मिति २०८२।१०।१४ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू

१. निर्णय समिक्षा सम्बन्धमा।
२. बजेट रकमान्तर सम्बन्धमा।
३. सामाजिक सुरक्षा कोषमा आवद्ध हुने सम्बन्धमा।
४. मतदाता शिक्षा सञ्चालन सम्बन्धमा।
५. विपद व्यवस्थापन सम्बन्धमा।
६. प्रकोप व्यवस्थापन सम्बन्धमा।
७. योजना कार्यान्वयन सम्बन्धमा।

**माथि उल्लेखित प्रस्तावहरू छलफल गरी सर्वसम्मतले तपसिलका निर्णयहरू गरियो।**

१. चुमनुब्री गाउँपालिका कार्यपालिका बैठकले आ व २०८२।८३ मा गरेका निर्णय समिक्षा गर्दै कार्यान्वयन गर्ने।

२. आ व २०८२।८३ को वार्षिक स्विकृत कार्यक्रममा तपसिल बमोजिम शिर्षकबाट बजेट रकमान्तर गर्ने।

| सि नं | घटाउने कार्यक्रम | घटाउने रकम रू | बढाउने कार्यक्रम | बढाउने रकम रू | कायम हुने कुल बजेट | कै |
|---|---|---|---|---|---|---|
| १ | होमस्टे व्यवस्थापन तथा पाक कला तालिम | ३ लाख ३० हजार | कफि तालिम | ३ लाख ३० हजार | ९ लाख ३० हजार | |
| २ | होमस्टे व्यवस्थापन तथा पाक कला तालिम | १ लाख ७० हजार | पर्यटक गाईड तालिम | १ लाख ७० हजार | ७ लाख ७० हजार | |
| ३ | विभिन्न कार्यक्रममका गाउँपालिकाको लागत साझेदारी | ५ लाख | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ५ लाख | २५ लाख | |
| ४ | चुमनुब्री गाउँपालिका प्रवेश गेट निर्माण योजना क्रमागत | ४ लाख | घट्टेखोला झो पु बाटो मर्मत | ४ लाख | ४ लाख | नयाँ कार्यक्रम थप |
| ५ | चुमनुब्री गाउँपालिका प्रवेश गेट निर्माण योजना क्रमागत | ५ लाख | न्याकचेत सार्वजनिक शौचालय निर्माण | ५ लाख | ५ लाख | नयाँ कार्यक्रम थप |
| ६ | चुमनुब्री गाउँपालिका प्रवेश गेट निर्माण योजना क्रमागत | ५ लाख | बगर गाउँ ढल व्यवस्थापन योजना | ५ लाख | ५ लाख | नयाँ कार्यक्रम थप |

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

चुमनुब्री गाउँपालिका
कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, नेपाल

निमा लामा
अध्यक्ष

३. चुमनुब्री गाउँपालिका वा अन्तर्गतका निकायमा करार सेवामा आवद्ध रहेका कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराई नियमानुसार कोष कट्टी तथा थप रकम प्रदान गर्न सामाजिक सुरक्षा कोषमा आवद्ध हुने र २०८३ वैशाख महिनाबाट कोषमा रकम कट्टि तथा थप गर्ने कार्य प्रारम्भ गर्ने।

४. मिति २०८३ फागुन महिनाको २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोगबाट प्राप्त निर्देशानुसार मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने।

५. चुमनुब्री गाउँपालिका वडा नं ७ निवासी वर्ष ५५ का तेन्जीन वाङ्ग्याल लामाको मिति २०८२।०९।१८ गते घर जली पूर्ण क्षति भएको हुँदा प्राप्त प्रहरी मुचुल्का, वडा सिफारिस पत्रको आधारमा तत्काल राहतका लागि प्रकोप व्यवस्थापन कोषबाट पच्चिस हजार रूपैयाँ बराबरको खाद्यन्न उपलब्ध गराउने।

६. विपद क्षतिबाट प्रभावित विविध संरचनाको मर्मत सम्भार तथा निर्माण स्वरूप तपसिलका कार्य गराई प्राविधिक मूल्यांकनका आधारमा प्रकोप व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी भुक्तानी दिने।

तपसिल

| | |
|---|---|
| क. न्याकफेदी पेवां पदमार्ग मर्मत योजना | स्थान : चुमनुब्री ३ न्याकफेदी |
| ख. फिलिम झो पु बाटो निर्माण योजना | स्थान : चुमनुब्री ३ फिलिम |
| ग. सानो फिलिम काठेपुल मर्मत योजना | स्थान : चुमनुब्री ३ सानो फिलिम |
| घ. वडा नं ७ कार्यालयमा खानेपानी मर्मत योजना | स्थान : चुमनुब्री ७ लार |

७. चुमनब्री गाउँपालिकाको आ व २०८२।८३ को वार्षिक स्विकृत कार्यक्रम मनास्लु सर्किट पदमार्ग सुधार STP लागत साझेदारीको कार्यान्वयन चुमनुब्री गाउँपालिका वडा नं ६ र ७ मा पर्ने चुम भ्याली जाने मुल पदमार्ग स्तरोन्नती गर्नका लागि दिगो पर्यटन परियोजना काठमाडौँसँग ५०/५० प्रतिशत लागत साझेदारीमा आ व २०८३।८४ मा योजना सम्पन्न गर्ने बजेट स्रोत सुनिश्चित गरी बहुवर्षिय योजनाको रूपमा आयोजना सञ्चालन गर्ने र Upgrading Of Chum Valley Foot Trail नाम दिई बोलपत्र आह्वान गर्ने।

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

निमा लामा
अध्यक्ष